# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८०/८१
च.नं.:- ६९८

मितिः- वि.सं.२०८०/०९/२० गते शुक्रवार

विषयः- प्रचारप्रसार तथा अन्य आवश्यक सहयोग सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
श्री स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, रुकुम (पूर्वी भाग) र विकास सरोकार समाज (**DECOS**), रोल्पाको संयुक्त आयोजनामा यहि मिति वि.सं.२०८० साल पौष महिनाको २५ र २६ गते भूमे गाउँपालिका, वडा नं.-२, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) स्थानमा भूमे गाउँपालिका स्तरीय बृहत कृषि मेला प्रर्दशनी कार्यक्रम-२०८० सञ्चालन हुन गईरहेको हुनाले उक्त मेलामा तहाँ कार्यालय अन्तर्गत भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका सम्पूर्ण कृषक, उद्यमी, कृषि, पशुपन्छी, मत्स्य फार्म, कृषक समूह लगायत कृषि सहकारी संस्था लिमिटेडहरुसँग उपलब्ध रहेको बाली/वस्तुहरु जतिसक्यो धेरै भन्दा धेरै उपलब्ध गराउनको लागि प्रचारप्रसार तथा अन्य आवश्यक सहयोग गरिदिनुहुन तथा मेला समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ ।
साथै यस कार्यालयवाट प्रकाशन तथा प्रसारण भएको "भूमे गाउँपालिका स्तरीय बृहत कृषि मेला प्रर्दशनी कार्यक्रम-२०८०"को सूचना (पाम्प्लेट/पर्चा) थान १ (एक) यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

........................................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**सूचना!** **सूचना!!** **सूचना!!!**

भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, रुकुम (पूर्वी भाग) र विकास सरोकार समाज (DECOS), रोल्पाको संयुक्त आयोजनामा तपसिलको मिति, समय र स्थानमा **भूमे गाउँपालिका स्तरीय बृहत कृषि मेला प्रर्दशनी कार्यक्रम-२०८०** सञ्चालन हुन गईरहेको हुनाले भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका सम्पूर्ण कृषक, उद्यमी, कृषि, पशुपन्छी, मत्स्य फार्म, कृषक समूह लगायत कृषि सहकारी संस्था लिमिटेडहरुले आफुले उत्पादन गरेको कृषि, पशुपन्छी, मत्स्य, हस्तकला, लघुउद्यमजन्य उत्पादित बाली/वस्तुहरु तपसिलको परिमाणमा लिएर उक्त मेलामा दर्ता/उपलब्ध गराई सम्मान तथा पुरस्कार जित्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त कृषि मेलालाई अवलोकन गरेर भरपुर मनोरञ्जन लिनको लागि सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल:**

**१. खाद्यान्न बाली: (धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि)**- बोट सहित वा दाना भए १ के.जी.

**२. दलहन बाली: (सिमी, भटमास, मुसुरो, केराउ, चना आदि)**- बोट सहित वा दाना भए १ के.जी.

**३. तेलहन बाली: (तोरी, बदाम, सूर्यमुखी आदि)**- बोट सहित वा दाना भए १ के.जी.

**४. मसला बाली: (लसुन, अदुवा, बेसार, अलैंची आदि)**- बोट सहित

**५. औद्योगिक/नगदे/कन्दमुल बाली: (उखु, आलु, सखरखण्ड, तरुल आदि)**- बोट सहित

**६. फलफूल बाली: (स्याउ, ओखर, हलुवावेद, किवी, सुन्तला, कागती, अमिलो आदि)**- झुप्पा/फल सहितको हाँगा

**७. तरकारी बाली: (काउली, बन्दा, टमाटर, रायो/भाजी साग, मुला, गाजर, काँक्रो, फर्सी आदि)**- बोट सहित

**८. पशुपालन (गाई, भैसी, भेडा, बाख्रा, बंगुर, सुँगुर आदि)**- २६ गते विहान ८ बजेभित्र ल्याउनुपर्ने तर दर्ता अघिल्लो दिनको निर्धारित समयमा गर्नुपर्ने ।

**९. पन्छीपालन (स्थानीय कुखुरा, हाँस, टर्की, कालिज आदि)**- २६ गते विहान ८ बजेभित्र ल्याउनुपर्ने तर दर्ता अघिल्लो दिनको निर्धारित समयमा गर्नुपर्ने ।

**१०. हस्तकला तथा लघुउद्यम:**- स्थानीय स्तरमा उत्पादित चिज/वस्तुहरु

**११. विविध बाली: (मौरी, च्याउ, माछा आदि)**- मौरीको चाका, च्याउको डल्लो र माछा जिउँदो सहित

**मिति:**- वि.सं.२०८०/०९/२५ र २६ गते

**स्थान:**- भूमे गाउँपालिका वडा नं.-२, खाबाङ बगर, रुकुम (पूर्वी भाग)

**बाली/वस्तु दर्ता मिति:**- २०८०/०९/२५ गते बुधवार विहान ०८:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म

**सम्मान तथा पुरस्कार वितरण:**- मिति वि.सं. २०८०/०९/२६ गते बिहिवार दिउँसो ०१:०० बजे ।

**थप जानकारीको लागि:**- ९८४९८०२७३२, ९८४७८६१३२९, ९८६६९०४६५६, ९८६८६०८७२३, ९८६६९३१८२१

**आयोजक:**

भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)

विकास सरोकार समाज (DECOS), रोल्पा ।

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

देवीलाल विक.

प्रमुख प्रशासकीय अधिकृत